10th of Nov 2025

यो आकाशवाणी हो

शुरु गरौँ आजका मुख्य समाचारहरुबाट

1. अंगोलाको संसदलाई राष्ट्रपति द्रौपदी मुर्मुले गर्नुभयो सम्बोधन, भारत–अंगोला सम्बन्धलाई नयाँ उचाइमा पुर्‍याउने प्रतिबद्धता
2. नयाँ दिल्लीमा आयोजित अन्तर्राष्ट्रिय सहकारी सम्मेलन–सहकारी कुम्भ 2025 को आज उद्घाटन
3. प्रसिद्ध कवि तथा गीतकार आन्दे श्रीको आज बिहान निधन, प्रधानमन्त्री नरेन्द्र मोदीले गर्नुभयो गहिरो दुःख व्यक्त
4. भूटानको दुईदिने भ्रमणमा लागि प्रधानमन्त्री नरेन्द्र मोदी भोलि प्रस्थान गर्नुहुने.
5. 1 देखि 19 डिसेम्बरसम्म सञ्चालन हुने संसदको शीतकालीन अधिवेशन

समाचार विस्तारमा

अंगोलाको संसदलाई राष्ट्रपति द्रौपदी मुर्मुको सम्बोधन, भारत–अंगोला सम्बन्धलाई नयाँ उचाइमा पुर्‍याउने प्रतिबद्धता

राष्ट्रपति द्रौपदी मुर्मुले आज लुआन्डास्थित राष्ट्रिय सभामा अंगोलाका सांसदहरूलाई सम्बोधन गर्नुभयो। सम्बोधनका क्रममा उहाले भन्नुभयो कि अंगोलाको राष्ट्रिय सभालाई सम्बोधन गर्नु आफ्ना लागि गर्व र सम्मानको विषय हो। राष्ट्रपति मुर्मुले अंगोलाको स्वतन्त्रता सङ्ग्रामदेखि शान्ति र लोकतन्त्रसम्मको प्रेरणादायी यात्राको उच्च प्रशंसा गर्नुभयो। उहाले भन्नुभयो कि 2025 विशेष वर्ष हुनेछ, किनभने यस वर्ष भारत र अंगोलाबीचका कूटनीतिक सम्बन्धको 40औँ वार्षिकोत्सवका साथै अंगोलाको स्वतन्त्रताको स्वर्ण जयन्ती पनि मनाइँदैछ। उहाका अनुसार यी अवसरहरूले दुवै देशबीचको मित्रता, सहकार्य र आपसी प्रेरणालाई अझ मजबुत बनाउनेछन्। राष्ट्रपतिले अझ भन्नुभयो

## अमित शाहले

केन्द्रीय गृहमन्त्री तथा सहकारी मन्त्री अमित शाहले भन्नुभएको छ कि सहकारी बैंकहरूले महत्वाकांक्षी युवाहरू र समाजका वञ्चित वर्गहरूलाई सशक्त बनाउनका लागि अगाडि आउनु आवश्यक छ। नयाँ दिल्लीमा आयोजित अन्तर्राष्ट्रिय सहकारी सम्मेलन–सहकारी कुम्भ 2025 को उद्घाटन गर्दै उहाले सहकारिताको भूमिकालाई अझ सशक्त बनाउनुपर्ने बताउनुभएको हो। श्री शाहले भन्नुभयो कि राष्ट्रिय शहरी सहकारी बैंक र ऋण समितिहरूको संघले आफ्ना सदस्य संस्थाहरूका लागि नीतिगत दिशानिर्देश तय गर्नुपर्छ, जसको आधारमा प्रत्येक शहरी सहकारी बैंकले आफ्नो वित्तीय ढाँचा सुदृढ र आधुनिक बनाउन सकोस्। उहाका अनुसार यस पहलको उद्देश्य सहकारितालाई सबल बनाउने र समाजका पछाडि परेका वर्गहरूको उत्थान गर्ने हो। श्री अमित शाहका अनुसार आगामी पाँच वर्षभित्र दुई लाखभन्दा बढी जनसंख्या भएका प्रत्येक सहर वा नगरमा कम्तीमा एक शहरी सहकारी बैंक स्थापना गर्ने लक्ष्य रहनु पर्छ। उहाका अनुसार त्रिभुवन सहकारी विश्वविद्यालय स्थापना गर्नुको उद्देश्य नयाँ पुस्तालाई सहकारितासँग जोड्ने र यस क्षेत्रमा दक्ष जनशक्ति तयार गर्ने हो। उहाका अनुसार यो विश्वविद्यालयबाट तयार हुने पुस्ताले 2047 सम्म भारतको सहकारी क्षेत्रमा नयाँ ऊर्जा र दिशा प्रदान गर्नेछ। दुईदिने यो सम्मेलन राष्ट्रिय शहरी सहकारी बैंक तथा ऋण समिति संघ र सहकारी मन्त्रालयले संयुक्त रूपमा आयोजना गरेका हुन्। सम्मेलनको विषयवस्तु “सपनाको डिजिटलीकरण – समुदायको सशक्तिकरण” रहेको छ। उहाले अझ भन्नुभयो....bytessss

कार्यक्रमको उद्देश्य संवाद, नवप्रवर्तन र साझेदारीको माध्यमबाट समुदायहरूलाई सशक्त बनाउनुका साथै देशमा वित्तीय समावेशीकरणको सहकारी आधारलाई मजबुत बनाउनु हो। कार्यक्रममा नीति निर्माता, सहकारी क्षेत्रका अग्रजहरू, विश्व ऋण संघ परिषद्का प्रतिनिधिहरू तथा ग्रीनस्टोन फार्म क्रेडिट सर्विसेस का अन्तर्राष्ट्रिय विज्ञहरूले सहभागिता जनाएका छन्।

## आन्दे श्री

प्रसिद्ध कवि तथा गीतकार आन्दे श्रीको आज बिहान हैदरावादमा निधन भएको छ। उहा तेलङ्गानाको राज्यगीत “जय जय हे तेलङ्गाना” का रचनाकारका रूपमा परिचित हुन्थ्यो। 64 वर्षका आन्दे श्रीलाई गम्भीर स्वास्थ्य समस्या उत्पन्न भएपछि गान्धी अस्पताल लगिएको थियो, जहाँ उपचारको क्रममा उहाको निधन भयो। हालै मात्र तेलङ्गाना राज्य सरकारले राज्य

स्थापना दिवस समारोहमा उहालाई एक करोड रुपैयाँको नगद पुरस्कारद्वारा सम्मानित गरेको थियो। उहाँको निधनप्रति प्रधानमन्त्री नरेन्द्र मोदीले गहिरो दुःख व्यक्त गर्नुभएको छ,सामाजिक सञ्जालमा व्यक्त शोक सन्देशमा प्रधानमन्त्री मोदीले भन्नु भएको छ कि आन्दे श्रीको निधनले देशको सांस्कृतिक र बौद्धिक क्षेत्रमा एक गहिरो रिक्तता सिर्जना भएको छ। उहाका अनुसार आन्दे श्रीका विचारहरूले तेलङ्गानाको आत्मा र पहिचानलाई प्रतिबिम्बित गर्थे। उहा एक प्रतिभाशाली कवि, संवेदनशील चिन्तक तथा जनभावनाका सशक्त प्रतिनिधि हुनुहुन्थ्यो। प्रधानमन्त्री मोदीले भन्नुभएको छ कि आन्दे श्रीले जनताको संघर्ष, आकांक्षा र अदम्य साहसलाई आफ्ना शब्दहरूमा जिवन्त बनाउनु भएको थियो।

प्रधानमन्त्रीले आन्दे श्रीका शोकाकुल परिवारजन, उहाका निकटजन र प्रशंसकहरूप्रति हार्दिक समवेदना व्यक्त गर्दै उहाको स्मृतिलाई श्रद्धापूर्वक नमन गर्नुभएको छ।

## भूटानको दुईदिने भ्रमणमा प्रधानमन्त्री नरेन्द्र मोदी, भारत–भूटान सम्बन्धलाई अझ सुदृढ बनाउने तयारी

प्रधानमन्त्री नरेन्द्र मोदी भोलिदेखि दुईदिने भूटान भ्रमणमा जानु हुने छ। यो भ्रमणले भारत र भूटानबीचको उच्चस्तरीय आपसी आदान–प्रदानको परम्परालाई निरन्तरता दिँदै दुवै देशबीचको विशेष मित्रता र सहकार्यलाई थप मजबुत बनाउनेछ। भ्रमणका क्रममा प्रधानमन्त्री मोदी र भूटानका राजा जिग्मे खेसर नामग्याल वाङ्चुकले संयुक्त रूपमा 1 हजार 20 मेगावाट क्षमताको परियोजनाको उद्घाटन गर्नेछन्। यो परियोजना भारत र भूटानले संयुक्त रूपमा विकास गरेका हुन्। प्रधानमन्त्री मोदी भूटानका राजा 70औँ जन्मजयन्तीको अवसरमा आयोजना हुने विशेष समारोहमा पनि सहभागी हुनुहुने छ। साथै, उहाले भूटानका प्रधानमन्त्रीसँग द्विपक्षीय भेटवार्ता गर्ने कार्यक्रम रहेको छ। प्रधानमन्त्री मोदीको यो भ्रमण अहिले थिम्पूमा चलिरहेको विश्व शान्ति प्रार्थना महोत्सवसँग मेल खान्छ, जहाँ भारतबाट ल्याइएका भगवान बुद्धका पवित्र अवशेषहरू प्रदर्शित गरिएका छन्। प्रधानमन्त्री मोदी यस महोत्सवमा सहभागी भई ती पवित्र अवशेषहरूको पूजा पनि गर्नुहुने छ।

## लोकसभा अध्यक्ष ओम बिरला : संसदको शीतकालीन अधिवेशन जनसरोकार र नीतिगत छलफलमा केन्द्रित हुनेछ

लोकसभा अध्यक्ष ओम बिरलाले बताउनुभएको छ कि डिसेम्बर 1 देखि 19 तारिखसम्म सञ्चालन हुने संसदको शीतकालीन अधिवेशन, सरकारी नीतिहरू र जनसरोकारका विषयमा सार्थक तथा अनुशासित छलफलमा केन्द्रित हुनेछ। कोहिमामा आज सम्पन्न 22औँ राष्ट्रमण्डल संसदीय संघ सम्मेलनको उद्धाटनपछि सञ्चारकर्मीसँग कुरा गर्दै श्री बिरलाले संसदमा अनुशासन र मर्यादा कायम राख्नु लोकतान्त्रिक संस्कृतिको अनिवार्य हिस्सा भएको बताउनुभयो। उहाले संसदलाई “लोकतन्त्रको मन्दिर” भन्दै भन्नुभयो कि यहाँ हुने संवाद र रचनात्मक बहसले नागरिकहरूको अपेक्षा र आकांक्षालाई प्रतिबिम्बित गर्दै राष्ट्रिय विकासमा योगदान दिनुपर्छ। श्री बिरलाले 130औँ संविधान संशोधन विधेयकको सन्दर्भमा जानकारी दिँदै भन्नुभयो कि यसबारे छलफल गर्न संयुक्त संसदीय समिति गठन गरिएको छ। उहाले सबै राजनीतिक दलहरूलाई समितिको कार्यमा सक्रिय सहभागिता जनाउन आग्रह पनि गर्नुभएको छ। सुशासन र पारदर्शिता प्रवर्द्धन गर्न संसद र राज्य विधानसभाबीच सुदृढ सहकार्य आवश्यक रहेको उल्लेख गर्दै श्री बिरलाले डिजिटल र कागजरहित प्रणाली अपनाउन जोड दिनुभयो। उनका अनुसार, अधिकांश राज्य विधानसभाहरूले जनतालाई कार्यवाही सहज रूपमा उपलब्ध गराउनका लागि डिजिटल प्रणाली अपनाइसकेका छन्।

## अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट

1. अंगोलाको संसदलाई राष्ट्रपति द्रौपदी मुर्मुले गर्नुभयो सम्बोधन, भारत–अंगोला सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने प्रतिबद्धता
2. नयाँ दिल्लीमा आयोजित अन्तर्राष्ट्रिय सहकारी सम्मेलन–सहकारी कुम्भ 2025 को आज उद्धाटन
3. प्रसिद्ध कवि तथा गीतकार आन्दे श्रीको आज बिहान  निधन,  प्रधानमन्त्री नरेन्द्र मोदीले गर्नुभयो गहिरो दुःख व्यक्त
4. भूटानको दुईदिने भ्रमणमा लागि प्रधानमन्त्री नरेन्द्र मोदी भोलि प्रस्थान गर्नुहुने.

5. 1 देखि 19 डिसेम्बरसम्म सञ्चालन हुने संसदको शीतकालीन अधिवेशन